# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड ८ (संख्या ४) कार्तिक २ गते २०८२ साल

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग-२

## आर्थिक सहायता तथा राहत वितरण सम्बन्धी कार्यविधि, (पहिलो संशोधन), २०८२

कार्यपालिकाबाट स्वीकृत मिति :२०८२/०६/३१

**प्रस्तावना :**

चामुण्डा विन्द्रासैनी नगरपालिकाको आर्थिक सहायता तथा राहत वितरण सम्बन्धी कार्यविधि, २०७८ (यस पछि मुलकार्यविधि भनिएको) मा आवश्यक संशोधन गर्न बाञ्छनीय भएकोले,

चामुण्डाविन्द्रासैनी नगरपालिकाको मिति २०८२ साल असोज ३१ गतेको नगर कार्यपालिका बैठकले आर्थिक सहायता तथा राहत वितरण सम्बन्धी कार्यविधि, (पहिलो संशोधन), २०८२ बनाएको छ।

**१. संक्षिप्त नाम, प्रारम्भ र क्षेत्र :** (१) यस कार्यविधिको नाम “आर्थिक सहायता तथा राहत वितरण सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८२” रहेको छ।

(२) यो संशोधित कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि चामुण्डाविन्द्रासैनी नगरपालिका क्षेत्रभर लागु हुनेछ।

**“२. मुल कार्यविधिको दफा २ को खण्ड (ग) मा यस अघि भएको व्यवस्थालाई देहाय बमोजिम संशोधन गरिएको छ ।**

(ग) “आर्थिक सहायता पाउन योग्य व्यक्ति” भन्नाले निरपेक्ष गरिबीको रेखामुनी रहेको मुटु, मृगौला, फोक्सो, कलेजोजस्ता शरिरका महत्वपूर्ण अंगहरुका रोगी एवं. क्यान्सर पीडित व्यक्तिहरु, घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं. बेचविखनमा परेका महिलाहरु, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, शारिरीक वा मानसिक यातना वा भेदभावजस्ता दुर्व्यवहारबाट पीडित, दूर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा र हेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको सुस्तमनस्थिति भएको, अपहरण वा शरिर बन्धकमा परेको सडक बालबालिका,





एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका, वेसहारा वृद्धवृद्धा, नगरपालिकामा लामो समयसम्म कार्यरत कर्मचारी, जन प्रतिनिधिहरु तथा प्राकृतिक विपदमा परेकाहरुलाई सम्झनु पर्दछ।”

**३. मुल कार्यविधिको दफा ५ को खण्ड (क) मा यस अघि भएको व्यवस्थालाई देहाय बमोजिम संशोधन गरिएको छ ।**

(क) दिर्घ रोगी, क्यान्सर, मृगौला तथा अन्य जटिल रोगबाट पिडित व्यक्ति भए,

-पाँच हजार देखि तीन लाख सम्म”

**४. मुल कार्यविधिको दफा ६ को खण्ड (ग) मा देहाय बमोजिम संशोधन गरिएको छ ।**

(ग) दिर्घ रोगी क्यान्सर रोग तथा अन्य रोगबाट पिडित व्यक्तिहरुले उपचार गर्दा सरकारी अस्पतालमा मात्र गरेको हुनु पर्ने तथा उपचारसँग सम्बधित विल भरपाई र अन्य सम्बन्धित कागजात अनिवार्य पेश गर्नु पर्नेछ।”

**आज्ञाले**
**भलाराम पंगाली**
**प्रमुख प्रशासकीय अधिकृत**